प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

प्रदेश नं. १, बिराटनगर

## प्रमुख कार्यकारी निर्देशकको नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको

# पदपूर्ति सम्वन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०७६/०९/०२)

सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरणको रिक्त प्रमुख कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रथमपटक प्रकाशित मितिले १५ दिन भित्र कार्यालय समयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. १, बिराटनगरमा गोप्य शिलबन्दी आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. योग्यता तथा अनुभव:

(क) वाणिज्यशास्त्र, जनप्रशासन, अर्थशास्त्र, कानून विषयमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको ।

(ख) ३५ वर्ष उमेर पुराभई ६० वर्ष ननाघेको ।

२. दरखास्त पेश गर्ने प्रक्रिया:

(क) दरखास्तसाथ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको website: www.ocmcm.p1.gov.np मा प्रकाशित सार्वजनिक-निजी-सहकारी साझेदारी तथा लगानी प्राधिकरणको प्रमुख कार्यकारी निर्देशक छनौट सम्वन्धी कार्यविधि, २०७६ को दफा ३ बमोजिमको कागजात र स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

(ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, वैयक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ३ खण्ड (ग) बमोजिमको व्यवसायीक कार्ययोजना खामबन्दी गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्नु पर्नेछ । खामबन्दी प्रस्तावको खामबाहिर **"सार्वजनिक-निजी-सहकारी साझेदारी तथा लगानी प्राधिकरणको प्रमुख कार्यकारी निर्देशकका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना"** उल्लेख गरेको हुनुपर्नेछ ।

३. व्यावसायीक कार्ययोजनाको प्रस्तुतीकरण:

छनौट सूचीमा परेका उम्मेदवारले आफुले पेश गरेको व्यावसायीक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ ।

४. पारिश्रमिक:

प्रमुख कार्यकारी निर्देशकलाई करारमा उल्लेख भएबमोजिमका शर्तहरुका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

५. अन्य विवरण:

(क) सार्वजनिक-निजी-सहकारी साझेदारी तथा लगानी प्राधिकरणको प्रमुख कार्यकारी निर्देशक छनौट सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको व्यवसायिक कार्ययोजनामा समावेश गर्नु पर्ने विषयका सम्वन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको website: www.ocmcm.p1.gov.np बाट जानकारी लिन सकिनेछ ।

(ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

(ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

(घ) यस सम्बन्धी थप जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा वा टेलिफोन नं. ०२१-४७०१६६/४७०१८९ मा सम्पर्क गर्न सकिनेछ ।